नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९   स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१   अंक ३०   २०७८ साल भदौं ५ गते शनिबार (21 Aug.  2021 Saturday)   मूल्य रु. ५/-

प्राकृतिक विपत्ति न्यूनीकरणका लागि सामूहिक सचेतना जगाऔं

- जथाभावि सडक निर्माण र वनविनाशले बाढी पहिरो निम्त्याउछ ।
- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- विपत्ति आउनु अघि नै सजगता अपनाऔ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : हुलाकी राजमार्गमा निर्माणाधीन ... ३ पृष्ठमा : देशकै ठूलो मानवनिर्मित ... ३ पृष्ठमा तालिबानद्वारा अफगानिस्तानका ...

# सप्तकोशीको बाढीले गोबरगाढाका चार दर्जन घर जलमग्न





**दैनिक समाचारदाता**
**राजविराज, ४ भदौं ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १३ स्थित गोबरगाढा बस्तीमा शुक्रबार सप्तकोशी नदीमा आएको बाढीका कारण अधिकांश घर जलमग्न भएको छ ।

बिहीबार रातीको अविरल वर्षापछि सप्तकोशी नदीको बाढीले गोबरगाढा बस्तीका चार दर्जन घर जगलमग्न भएको हो ।

वडा अध्यक्ष बिन्देश्वर यादवका अनुसार बाढीले ३६ वटा घर डुवानमा पर्नुका साथै स्थानिय हरि यादव, शत्रुहन यादव लगायतको चार घर ढलेर क्षतविक्षत भएको छ ।

चारैतिर सप्तकोशी नदीले घेरिएको सो बस्तीमा पसेको बाढीले चार वटा घर समेत ढलेर नष्ट भएको छ । बस्तीमा दुई फिटसम्म पानी जमेको उनले बताए ।

सप्तकोशीको वहाव शुक्रबारपनि उच्च रहेकाले अन्य ४०/५० घर समेत जोखिममा परेको वडा अध्यक्ष यादवको भनाई छ । बस्तीका अधिकांश घरमा पानी पसेपछि पीडितहरुलाई उच्च स्थानमा रहेको एक विद्यालयमा वासको व्यवस्था मिलाइएको नगर प्रमुख शैलेश साहले जानकारी दिएका छन् ।

पानीको वहाव बिहीबार राती ९ बजेतिर १ लाख ८३ हजारदेखी १ लाख ८८ हजार क्विसेक प्रतिसेकेन्ड भएपनि निरन्तरको वर्षा र उच्च वहावसँगै बस्तीमा बाढी पसेको स्थानियको भनाई छ ।

## ब्राउन सुगरसहित तीन पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ४ भदौ ।**

सिरहाको लहानबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगरसहित प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा लहान नगरपालिका २४ का १८ वर्षीय मनदीप विश्वकर्मा, सोही नगरपालिका ५ का ५२ वर्षीय रामदेव यादव र २५ वर्षीय दीपेन्द्र

*बाँकी तीन पृष्ठमा*

# मोटरसाईकल खोलामा पस्दा एकको मृत्यु, एक घाईते अर्का फारार



**दैनिक समाचारदाता**
**राजविराज, ४ भदौं ।**

तीन जना सवार मोटरसाईकल दुर्घट्नामा परि शुक्रबार एक जनाको मृत्यु भएको छ । सो दुर्घटनामा एक जना घाईते भएका छन भने अर्का

*बाँकी तीन पृष्ठमा*







नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौ

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय

# चाडपर्व निरास बन्दै

आउदो केही दिनमै नेपालीहरुको महान चाड वडा दशैं आउँदै छ । योसँगै अन्य चाडपर्व पनि नजिदिकै छ । तर, विगत दुई वर्षदेखी कोरोना महामारीका कारण चाडपर्वहरु खल्लो बन्दै गएको छ । हरेक वर्ष दशैंमा नेपालीहरु नयाँ नयाँ लुगाफाँटा खरीददेखी राम्रा राम्रा खानेकुराहरु खाएर मनाउदै आएका छन् । तर, कोरोना महामारीका कारण सबै क्षेत्र प्रभाबित बनेको छ । ब्यापारी दृष्टिकोणले हेर्ने हो भने सबै भन्दा प्रभावित छ । बजारको माहौल शान्त छ भने बजार सुनसान छन् । मानिसहरुलाई अहिले पैसाको चर्को अभाव छ । निम्न र मध्यम वर्गिय परिवार अत्यन्त प्रभाबित छन् । नीजि कम्पनीमा जागिर गर्नेहरुको जागिर चट् भएको छ भने निजि फर्मका काम गर्ने फर्म नै बन्द भएको छ । यसरी निजि क्षेत्रको हरेक पाइल कोरोनाले प्रभाबित गरिदिएको छ । निजि विद्यालयहरुको हालत भने झनै गम्भिर छ । विद्यालय बन्द छन्, शिक्षक शिक्षिका बेरोजगार भइसकेका छन् । उनीहरुको पीडा आफै दुःखदायी छ । यस्तो अवस्थामा दशैं कसरी मनाउन सकिन्छ ?

पसल, व्यापार सबै क्षेत्र धरासय बनेको छ । ब्यापार छैन्, मानिसहरु ऋृणमा डुबेका छन् । विगत दुई वर्षमा झण्डै ७ महिना लकडाउनमै रह्यो । मानिसहरुको आम्दानीको श्रोत सुखेको छ । पुरानै अवस्थामा मुलुक फर्कन झण्डै एक दशक लाग्छ । सबै जनता दुःखमा जिवन बिताइरहेका छन् । दशैं तथा अन्य चाड पर्व आइरहेको बेलामा हामी धैर्ययताका साथ मनाउने प्रयत्न गरौं ।

चाड पर्वमा फजुल खर्च नगरेर आस्था तथा निष्ठापूर्वक मनाऔं । अहिले अवस्थामा बढी तामझाम र ऋृण काटेर कदापी पर्व नमनाऔं । तसर्थ वर्तमान अवस्थालाई मध्यनजर गर्दै कोरोना महामारीलाई समेत ध्यानमा राखी चाडपर्व धरमै परिवारसँग मिलेर मनाऔं र स्वास्थ्य मापदण्डको पालना गरौं ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# हुलाकी राजमार्गमा निर्माणाधीन पुलको काम सुस्तः स्थानीयवासीलाई सास्ती

**राजु विश्वकर्मा**
लहान, ४ भदौ (रासस) ।

तराई मधेशको लाइफलाइनका रुपमा रहेको हुलाकी सडकअन्तर्गत सिरहा र सप्तरीमा निर्माणाधीन अधिकांश पुल समयमा पूरा नहुँदा दुवै जिल्लाका बासिन्दालाई सास्ती भइरहेको छ ।

ठेकेदार कम्पनीको लापर्बाहीका कारण अधिकांश पुल समयमा निर्माण सम्पन्न नहुँदा सर्वसाधारण हिलाम्मे सडकमा जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका हुन् । सिरहाको औरही गाउँपालिकास्थित गागन खोलामा निर्माणाधीन पुल ठेकेदार कम्पनीको लापर्बाहीका कारण अलपत्र पर्दा वर्षायाममा सर्वसाधारण जोखिमपूर्ण यात्रा गर्न बाध्य बनेको स्थानीयवासी मुकेश यादवले बताउनुभयो ।

हुलाकी सडकअन्तर्गत पूर्व बरियारपट्टिदेखि पश्चिम सदरमुकाम सिरहासम्मको सडकमा कालोपत्र सकिए पनि गागन खोलामा पुल निर्माण हुन नसक्दा सिरहाको एक दर्जनभन्दा बढी गाउँका स्थानीयवासी जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । पुल निर्माण कार्य सुरु भएको एक वर्ष बित्न लाग्दा पनि १० प्रतिशत काम हुन नसकेको स्थानीयवासीको गुनासो छ ।

खोलामा पुल नहुँदा काम विशेषले सदरमुकाम सिरहा बजार आवतजावत गर्ने सो क्षेत्रका स्थानीयवासी जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् भने अर्कोतिर खोला गहिरो भएकाले बाढीका बेला सवारी साधन नै भासिने जोखिम पनि त्यतिकै छ । उहाँले भन्नुभयो, "पुल नहुँदा कतिपयले जोखिम उठाएरै खोला तरेर सदरमुकाम पुग्छन् भने कतिपयले लामो र घुमाउरो बाटोबाट आवतजावत गर्न बाध्य भएका छन् ।"

करिब २० वर्षअघि सडक डिभिजन कार्यालयले सो खोलामा पुल निर्माण गरेको थियो तर पुल निर्माण सम्पन्न भएको १० वर्षपछि आएको ठूलो बाढीले पुलदेखि ३५० मिटर उत्तरको पूर्वी बाँध भत्काएर खोलाले साविकको पुलदेखि २०० मिटर पूर्वबाट धार बनाएर बग्न थालेपछि सो क्षेत्रका स्थानीयवासीको आवतजावत कष्टकर बनेको हो । "खोलाले धार परिवर्तन गर्दा साविकको खोलामा पानी बग्न छोडेको छ तर त्यहाँ पुल छ । धार परिवर्तन गरेको स्थानबाट अहिले बाह्रै महिना पानी बग्ने गरेको छ", सिरहाको बरियारपट्टि गाउँपालिका-३ का महेश यादवले भन्नुभयो, "सुक्खायाममा त केही सहज हुन्छ, तर वर्षायाममा यस क्षेत्रका नागरिकलाई आवतजावत गर्न गाह्रो हुन्छ ।"

हुलाकी राजमार्गको औरहीखण्डमा गागन खोलाले बनाएको ती दुईवटै खोला सामरिक हिसाबले निकै महत्वपूर्ण रहेको स्थानीयवासीको अनुभव छ । सो खोलामा हीराचन रोशन कन्ट्रक्सन प्रालिमार्फत रोशन कन्ट्रक्सनले पुल निर्माणको काम गर्दै आएको छ । तीन वर्षभित्र सकिने गरी २०७६ सालमा सम्झौता भएको सो पुल निर्माणका काम कछुवा गतिमा हुँदा स्थानीयवासी निराश बनेका छन् । "पुल निर्माणका लागि अहिलेसम्म पिलर मात्र ठडचाइएको छ", औरही गाउँपालिका-१ का शिवनाथ यादवले भन्नुभयो, "कामको गति हेर्दा निर्धारित समयमा काम सम्पन्न हुने छाँटकाँट देखिँदैन ।" पुल निर्माणलाई गति दिन आग्रह गर्दा पनि कुनै सुनुवाइ हुन नसकेको उहाँको गुनासो छ ।

सम्झौताअनुसार नै काम अघि बढाएको निर्माण कम्पनीका साइड इञ्चार्ज दानालाल यादवले बताउनुभयो । "सम्झौता भएर २०७७ पुस महिनादेखि पुल निर्माणको काम थालेका छौँ", उहाँले भन्नुभयो, "बर्सात सुरु भएपछि काम रोकिएको हो, वर्षा रोकिएपछि कात्तिक महिनादेखि काम पुनः सुरु गर्ने छौँ ।" खोलामा कुनै बेला पनि ठूलो बाढी आउन सक्ने भएकाले पुलको काम अघि बढाउन नसकिएको उहाँको कथन छ । यस्तै हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषा जोड्ने कमला नदीको पुल सञ्चालनमा नआउँदै भासिएको छ । वर्षासँगै कमला नदीमा आएको बाढीका कारण नवनिर्मित पुलको एउटा पिलर भासिएपछि बाटो पुनः अवरुद्ध भएको छ । सञ्चालनको तयारी भइरहेका बेला गत असार १७ गते आएको बाढीले पुलको एउटा पिलर भासिएको थियो । पुलमा १२ स्पान (पिलर) छ । चार सय ७० मिटर लम्बाइ र ११ मिटर चौडाइ भएको उक्त पुलको निर्माणका लागि पप्पु लुम्बनी विल्डर्सले २०६८ सालमा सम्झौता गरेको थियो ।

पुल निर्माण पूरा भइसकेकाले केही दिनमै सञ्चालनमा ल्याउने तयारी भइरहेका बेला पुल भासिएपछि स्थानीयवासी चिन्तित बनेका छन् । भासिएको पुल पुनःनिर्माणको तयारी भइरहेको निर्माण कम्पनीले जनाएको छ । त्यस्तै हुलाकी सडकअन्तर्गत सप्तरीको विभिन्न स्थानमा ११ वटा पुल निर्माणाधीन अवस्थामा छन् । त्यसमध्ये कुनै पनि पुलको निर्माण कार्य सम्पन्न हुन सकेको छैन् । सप्तरीको बिहुल नदी, खडक, कजरा, मुतनी, घोडदहलगायत नदीमा निर्माणाधीन पुल समयमा पूरा नहुँदा स्थानीय बासिन्दालाई आवतजावतमा सास्ती भइरहेको छ ।

करिब छ वर्षअघि सुरु भएको मुतनी नदीको पुल निर्माण कार्य अझै पूरा हुन नसक्दा स्थानीयवासी कष्टकर यात्रा गर्न बाध्य छन् । सो पुल अरनिको, लामा, वाग्मती जेभी काठमाडौँले २०७२ असार २५ गते सम्झौता गरी २०७४ असारमा निर्माण काम पूरा गर्नुपर्ने निर्माणस्थलमा राखिएको सूचना बोर्डमा उल्लेख छ । निर्माणको म्याद सकिएको चार वर्ष भइसक्यो तर, अहिलेसम्म पुल निर्माण कार्यले पूर्णता नपाएकाले सदरमुकाम राजविराज पुग्न ठूलै सास्ती भइरहेको सप्तरीको डाक्नेश्वरी नगरपालिकाका गजेन्द्र मण्डलले बताउनुभयो ।

मुतनी खोलामा रु चार करोड ७७ लाख ३६ हजार ९४५ र कजरहा खोलामा रु दुई करोड ४४ लाख छ हजार ४८ को लागतमा पुल निर्माण गर्ने सम्झौता भएको छ । सो खोलामा समयमा पुल नबन्दा केही दिनअघि मात्र एक सुत्केरीलाई उपचारका लागि राजविराज अस्पताल लगिँदै गर्दा बाटोमै उनको मृत्यु भएको थियो । तराईका जिल्ला जोड्ने सर्वाधिक चर्चित आयोजना हुलाकी राजमार्गको डाक्नेश्वरी नगरपालिका-९ पत्थरगाडास्थित मुतनी खोलाको पुल समयमा निर्माण हुन नसक्दा सुत्केरीको मृत्यु भएको भन्दै विरोध जनाएका थिए ।

वर्षौंदेखि पुल निर्माणाधीन अवस्थामा रहेको भन्दै उहाँले वैकल्पिक बाटो डाइभर्सन राम्रोसँग नबनाएका कारण हिलाम्मे सडकमा एम्बुलेन्समा अस्पताल जाँदै गरेकी शम्भुनाथ नगरपालिका जमुवाको एक सुत्केरी मुतनी पुलमै मृत्यु भएको स्थानीयवासीको भनाइ छ । यसका साथै अधिकांश पुल निर्माणका लागि प्रयोग गरिएको सिमेन्ट, छड, बालुवागिट्टी गुणस्तहीन रहेको प्रत्यक्षदर्शीको भनाइ छ । पूर्वराजविराजदेखि पश्चिम बलान नदीसम्मको २५ किलोमिटर सडकमा करिब १८ किलोमिटर सडक कालोपत्र भए पनि पुल निर्माण कम्पनीले समयमा पुलको काम सम्पन्न नगर्दाबीचको खण्डमा बाटो बनाउन नसकिएको रौता श्रेष्ठ दिवा जेभीका कन्टचाक्ट म्यानेजर कमलप्रसाद यादवले जानकारी दिनुभयो ।

पुल निर्माणमा भइरहेको ढिलाइका कारण हुलाकी सडक निर्माणको काममा समेत अवरोध भइरहेकाले यसलाई तीव्रता दिन निर्माण कम्पनीलाई पटकपटक आग्रह गर्दा पनि कुनै सुनुवाइ नभएको स्थानीयवासीको भनाइ छ ।

# प्रस्तावित रेल्वे लिकका जग्गाधनी आन्दोलित

महोत्तरी, ४ भदौ (रासस) ।

पूर्वपश्चिम रेल र बर्दिबास-जनकपुर-जयनगर रेल्वे विस्तार परियोजनामा परेको जग्गाधनी उचित मूल्य निर्धारण नभएको भन्दै आन्दोलित भएका छन् ।

महोत्तरीको बर्दिबास १ र १४ का जग्गाको उचित मूल्य निर्धारण नभएको भन्दै उनीहरु आन्दोलित भएका हुन् । गत बुधबारमात्र प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको जग्गाको मुआब्जा (मूल्य) निर्धारण समितिले गरेको निर्णयमा उचित मूल्य नतोकिएको जग्गावालााको भनाइ छ ।

"हाम्रो जग्गा सात वर्षदेखि रोक्का राखेर कुनै कारोबार गर्न दिइएन, अहिले हाम्रो कुरा नै नसुनी समितिले हचुवा मूल्य तोकेको छ", शुक्रबार बर्दिबास रेल्वे जग्गा मुआब्जा पीडित सङ्घर्ष समितिले बर्दिबासमा आयोजना गरेको पत्रकार सम्मेलनमा जग्गावालाा डाकराज पोखरेलले भन्नुभयो, "पाइने मुआब्जाले अर्को ठाउँमा घर ठडचाउन सक्ने त हुन पऱ्यो नि !" कार्यक्रममा जग्गाधनीले मूल्य पुनरावलोकन नगरिए आन्दोलनको विकल्प नहुने बताएका छन् ।

"हामी रेल्वे विस्तारको प्रस्तावित आआफ्नो जग्गामा भोलि (शनिबार) कालो झण्डा गाड्ने छौँ", कार्यक्रममा बर्दिबास रेल्वे जग्गा मुआब्जा पीडित सङ्घर्ष समितिका संयोजक राजु खड्काले भन्नुभयो, "जग्गावालाालाई एकवचन सोधीखोजी र वास्ता नगर्ने मूल्य निर्धारण समितिको निर्णय हामीलाई मान्य छैन ।" बर्दिबासमा मूल्य निर्धारण समितिले तोकेको न्यूनतम रु सात लाख र अधिकतम रु ८० लाख प्रतिकट्ठाको मूल्याङ्कनलाई क्रमशः रु २० लाख र रु एक करोड २० लाख पुऱ्याउन पर्ने सङ्घर्ष समितिको माग छ ।

दुवैतर्फ (पूर्वपश्चिम रेल र बर्दिबास-जनकपुर-जयनगर रेल्वे) को साझा स्टेसन र लिक विस्तारका लागि बर्दिबास १ र १४ मा ५९ बिघा जग्गा नेपाल रेल्वे कम्पनीले सात वर्ष पहिलेदेखि नै रोक्का राख्दै आएको छ । मुआब्जा तोक्न सात वर्ष लगाउने निर्धारण समितिले अहिले जग्गाधनीलाई वास्तै नगरी रातारात हतारमा हचुवाको भरमा निर्णय गरेको बर्दिबास-२ का वडाध्यक्ष अभिराम प्याकुरेलले बताउनुभयो । मूल्य निर्धारण समिति, नेपाल रेल्वे कम्पनी र सरकारले भर्खरै तोकिएको मूल्य पुनरावलोकन गरिदिनु पर्ने प्याकुरेलको भनाइ छ ।

सङ्घर्ष समितिको मागमा महोत्तरी-१ 'क' बाट निर्वाचित प्रदेशसभा सदस्य शारदा थापा र बर्दिबास-१ का वडाध्यक्ष चूडामणि पोखरेलले पनि समर्थन जनाउनुभयो । यसैबीच जिल्लास्थित जग्गा मूल्य निर्धारण समितिले भने मुआब्जा बुझ्ने प्रक्रिया थाली सकेको छ । "समितिको निर्णयानुसार सम्बन्धित जग्गावालाालाई निर्धारित मूल्यअनुसारको दाबी गर्न गोरखापत्रमा सूचना प्रकाशित भइसकेको छ", समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी तीर्थराज भट्टराईले भन्नुभयो, "अब यही प्रक्रियामा अघि बढ्नु सबैको हितमा छ ।"

आफ्नै ठाउँमा हुने राष्ट्रिय महत्वको परियोजनामा स्थानीयले केही खप्ने र चित्त बुझाउने बाटोमा लाग्नु ठीक हुने भट्टराईको भनाइ छ । लामो समयपछि मूल्य निर्धारण हुँदा अब चैँ रेल्वे विस्तारको कामले गति लिन्छ भन्ने विश्वास पालेका सर्वसाधारण भने काम अल्झने चिन्ताले पिरोलिएका छन् । "खै अब त मुआब्जा विवाद टुङ्गियो, काम बढ्ला भनेको त उल्झन बाँकी नै रहेछ", एक पाका व्यक्तिले भन्नुभयो, "काम बढाउने कुरामा अब झमेला नगरौं, जग्गाधनी के भन्दैछन्, त्यो

***बाँकी तीन पृष्ठमा***

# देशकै ठूलो मानवनिर्मित तालमा चल्न थाल्यो जेटबोट

सर्लाही, ४ भदौ (रासस)।

सर्लाहीको वाग्मती नगरपालिका- १२ स्थित मानवनिर्मित ठूलो मानिएको भरत तालमा जेटबोट चल्न थालेको छ। ताल निर्माणको कार्य पूर्णरुपमा नसकिए पनि असार १० गतेदेखि तालमा जेटबोट सञ्चालनमा ल्याइएको छ।

पूर्वपश्चिम लोकमार्गदेखि करिब दुई किलोमिटर दक्षिणतर्फ रहेको सो मानवनिर्मित ताल ३५ सिटे जेटबोट सञ्चालनमा ल्याइएको छ। वाग्मती नगरपालिकाका प्रमुख भरतकुमार थापाका अनुसार मोटरबोट सञ्चालनमा आएदेखि सो ताल पर्यटकीय केन्द्र बनेको छ। यहाँ यो ताल हेर्न र जेटबोट चढ्न देशका विभिन्न ठाउँबाट दैनिक सयौं आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन्।

नगर प्रमुख थापाको विशेष पहलमा करिब १२१ बिघा क्षेत्रफलमा निर्माण गरिएको यस तालको गहिराइ ४५ फिट छ। गर्मीयाममा यहाँ मोटरबोट चढेर आनन्द लिन र मनोरञ्जनका लागि स्थानीय र वरपरका जिल्लाका पर्यटक यहाँ आउन थालेका छन्।

बिदाको दिन परिवारसहित ठूलो सङ्ख्यामा आन्तरिक पर्यटक यहाँ आउने गरेको पाइन्छ। यस तालमा हंसराज प्रजातिको हाँस पालिएको छ र आगामी दिनमा माछापालन गरिने नगरपालिकाले योजना बनाएको छ।

नगरपालिकाभित्रका करिब एक हजार २०० बेरोजगार युवालाई रोजगारी दिने योजनाका साथ तालको निर्माण शुरु गरिएको नगर उपप्रमुख लीलाकुमारी मोक्तानले जानकारी दिनुयो। उहाँका अनुसार नगरको अर्थोपार्जनका लागि ताल महत्वपूर्ण स्रोत बन्न सक्छ।

यस ताललाई व्यवस्थित गर्दै बगैंचा, पार्क र वनभोजस्थलका रुपमा पनि विकास गरिने योजना नगरपालिकाको छ। यहाँ मोटरबोट सवार भएर केही समय घुम्दा पोखराको फेवाताल जत्तिकै मनोरञ्जन प्राप्त भएको जिल्ला प्रशासन कार्यालय सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी भुमेश्वर पोखेलले बताउनुभयो।

बिदाको दिन आफू पनि मनोरञ्जन गर्न तालमा घुम्न आउने गरेको र गर्मी मौसममा तालमा बोट चढेर घुम्दा पोखराको फेवातालको झल्को मेटिने गरेको उहाँको अनुभव छ। अझै तालका बीचमा बन्दै गरेको रिसार्ट (होटल प्यालेस)ले रानिपोखरी र पोखराको फेवातालबीचमा रहेको 'ताल बराही'को याद आउने उहाँले बताउनुभयो।

अझ मानवनिर्मित यस ताल टिकटक बनाउने ठाउँका रूपमा समेत प्रख्यात हुँदै आएको छ। यहाँ आउने करिब ९० प्रतिशत पर्यटकले रमणीय वातावरण देखेर टिकटक बनाएर फर्किने गरेका छन्। कलकल बग्ने वाग्मती नदी र छेउमा बन्दै गरेको रेलको लिगले हरेक पर्यटकको मन लोभ्याउने गर्दछ। यस तालको हालसम्मको कूल लागत करिब रु ३० करोड अनुमान गरिएको भए पनि लागत खर्च सार्वजनिक गरिएको छैन।

सोही तालको अध्ययन अवलोकन भ्रमणमा आएका तनहुँको देवघाट गाउँपालिकाका अध्यक्ष दुर्गाबहादुर थापाले वाग्मती नगरपालिकाका नगरप्रमुख थापासँग भेट गरी पर्यटन क्षेत्रको विकासका विषयमा छलफल गर्नुभएको छ।

सो तालमा 'नेपाल सिट एण्ड बोट बिल्डिङ' कम्पनीद्वारा उत्पादन गरिएका राइनोज, फिस्टेल, जेट बोट नामका मोटर बोट सञ्चालन हुने नेपाल सिट एण्ड बोट बिल्डिङ कम्पनीका अध्यक्ष लेखनाथ पौडेल जानकारी दिनुभयो।

साथै ३०० सिट क्षमताको तीनतले मिनी क्रुजको पनि डिजाइन भइरहेको र यसमा २६ वटा डिलक्स कोठा, रेष्टुरेन्ट र सेमिनार हल रहने बताइएको छ। उक्त क्रुजमा जापान र चीनमा बनेका इञ्जिन जडान गरिनेछ। यस ताल र यसको वरपरको पर्यटकीय विकासको अध्ययन र अवलोकन भ्रमणको लागि देशका विभिन्न पालिकाका जनप्रतिनिधिहरु आउने गरेका छन्।

### मोटरसाईकल खोलामा ...

फरार छन्।

राजविराज हनुमाननगर सडकखण्डस्थित वडा नं. १५ खाँडो खोला पुल नजिकै शुक्रबार बिहान अनटेष्ट मोटरसाईकल दुर्घट्नामा परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

तीन जना सवार मोटरसाईकल अनियन्त्रीत भएर खाँडो नदी मै पसे पछि मोटरसाईकल चालक राजविराज नगरपालिका ११ झलही फर्सैठ निवासी २६ वर्षिय विनोद सदाको मृत्यु भएको प्रहरीले जनाएको छ। उनको उपचारको क्रममा स्थानीय गजेन्द्रनारायण सिह अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिएका छन्।

मोटरसाइकलको पछिल्लो सीटमा सवार सोही वडा निवासी २१ वर्षिय गौतम सदा घाइते भएका छन्। अर्का सवार धनराज सदा भने फरार छन्। उनको खोजी कार्य भइरहेको प्रहरीको भनाई छ।

तीन जना सवार तथा अत्याधिक मदिरा सेवनका कारण चालकले नियन्त्रण गुमाउदा गाडी खाडो नदीमा पसेको स्थानिय प्रत्यक्षदर्शीहरुले बताएका छन्। मृतकको शव पोष्टमार्टमका लागि सोही अस्पतालमा राखी घटनाबारे थप अनुसन्धान भइरहेको डिएसपी काफ्लेले जानकारी दिए।

### बाउन सुगरसहित ...

यादव छन्।

इलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता सुभाष बुढाथोकीले जानकारी दिए।

### प्रस्तावित रेल्वे ...

पनि हाकिमले सुनुन्।"

बर्दिबासमा मुआब्जा निर्धारण ठीक नभएको जग्गाधनीले बताउन थालेपछि गत वर्ष नै मूल्य निर्धारण भएका किसाननगर र भङ्गहाका जग्गावाला पनि आन्दोलनतिर जोडिन थालेका छन्। "हाम्रा बस्तीका जग्गावाला पनि मूल्य कम भयो भन्दैछन्", बर्दिबास-७ (साविक किसाननगर गाविस क्षेत्र) का वडाध्यक्ष फाल्गुण सुसलिङ मगरले भन्नुभयो, "अब हामी पनि यही आन्दोलनमा जोडिन पर्छ क्या रे!" किसाननगर र भङ्गहाको मूल्य निर्धारण समितिले एक वर्षअघि नै गरिसकेको छ। मूल्य निर्धारण भए पनि जग्गावालाले मुआब्जा दाबी भने गरेका छैनन्।

बर्दिबासमा जग्गाको मूल्यबारे किचोला नसकिँदा बर्दिबास-जनकपुर-जयनगर रेल विस्तार परियोजनाको तेस्रो खण्ड ( भङ्गाहा-५ स्थित बिजलपुरा स्टेसनदेखि बर्दिबाससम्म) को १८ किलोमिटर दूरीमा रेल लिक निर्माण कार्य अझै अन्योलमै पर्ने हो कि भन्ने यस भेगका सर्वसाधारणमा चिन्ता बढेको छ। यो परियोजनाको प्रथम खण्ड ( जयनगरदेखि धनुषाको कुर्थासम्म) को ३४ किलोमीटर दूरीमा सबै निर्माण कार्य सम्पन्न भएर रेल सेवा सञ्चालनको तयारीमा छ।

त्यसैगरी दोस्रो खण्ड ( कुर्थादेखि महोत्तरीको भङ्गाहा-५ बिजलपुरा स्टेसनसम्म) को १७ किमी दूरीमा पनि लिक र पुलपुलेसा निर्माण भइसकेर परीक्षणको तयारीमा छ। सन् २०१४ मा भारतीय सरकारको रु सात अर्ब २० करोड अनुदान सहयोगमा थालिएको जयनगर-जनकपुर-बर्दिबास रेल्वे स्तरोन्नतिको काम सन् २०१९ मै सकिनुपर्ने तालिका थियो। यद्यपि यसबीचका आन्दोलन (मधेश आन्दोलन), प्राकृतिक विपत्ति ( भूकम्प र बाढी) र जग्गा मुआब्जा प्रक्रिया नटुङ्गिँदा परियोजना सम्पन्न गर्न ढिलाइ भएको रेल विभागले स्वीकार गरेको छ।

# बलात्कारपछि हत्याको आरोपमा शव बुझ्न अस्वीकार

सर्लाही, ४ भदौ (रासस)।

बलात्कारपछि हत्या गरिएको आरोपमा लालबन्दी नगरपालिका-१७ की किशोरी प्रियङ्का भुजेलको शव परिवारले बुझ्न अस्वीकार गरेको छ। बुधबार मृतकको शव परीक्षण भइसके पनि परिवारले बुझ्न नमान्दा जिल्ला अस्पतालमै रहेको छ।

दोषी पत्ता लगाई कानूनबमोजिम कारवाही गर्ने र घटनाको सूक्ष्म ढङ्गले अनुसन्धान गरी न्याय दिलाउने आश्वासन प्रहरीले दिए पनि परिवारले शव बुझेका छैनन्। गत साउन ३१ गते राति करिब ११ बजे घरबाटै बेपत्ता भएकी रानीगञ्ज डाँडाटोलका राजेश भुजेलकी छोरीको शव गत मङ्गलबार राति कालिन्जोर खोलामा गाडिएको अवस्थामा फेला परेको थियो।

घटनामा संलग्न रहेको आरोपमा लालबन्दी १७ कै १८ वर्षीय किसन साह र १९ वर्षीय अनिस दाहाललाई पक्राउ गरेर जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको इलाका प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक निर्मल थापाले जानकारी दिनुभयो।

पक्राउ परेका युवाले नै युवतीको शव गाडेको स्थान देखाएका थिए। घटनाको छानबिन र दोषीलाई कारवाहीको माग गर्दै स्थानीयवासीले बुधबार लालबन्दीमा दुई घण्टा पूर्व-पश्चिम लोकमार्ग अवरुद्ध पारेका थिए। बिहीवार पनि करिब तीन घण्टा पीडित पक्ष र सुरक्षा निकायका प्रतिनिधिबीच छलफल भएको थियो। प्रहरीले १४ वर्षीया भुजेलको उमेर १६ बताएको, दोषीलाई सार्वजनिक नगरेको भन्दै थप आक्रोसित बनेका पीडित पक्षले इलाका प्रहरी कार्यालयबाट न्याय नपाइने भन्दै शुक्रबार जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएर ज्ञापनपत्र बुझाउने जनाएका छन्।

सांसद प्रमोद साहले पनि पीडित पक्षसँग भेट गरी प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतलाई सो घटनाबारे जानकारी गराउनुभएको छ।

# नेपाली नक्कली रुँपैयासहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**सुनसरी, ४ भदौ।**

सुनसरीको देवानगन्जबाट नक्कली नेपाली रुपैयाँसहित प्रहरीले शुक्रबार दुईजनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भारत अररिया रामनगर बस्ने ४० वर्षीय नवल किशोर पाल र ३२ वर्षीय सुमन पाल रहेका छन्।

देवानगञ्ज गाउँपालिका २ मध्यहर्षाईस्थित पेट्रोल पम्पबाट १ सय रुपैयाँ दरका १६ थान नक्कली नेपाली रुपैयाँसहित दुईजनालाई प्रहरीले पक्राउ गरेको हो।

बीआर ५० एस ८४०६ नम्बरको मोटरसाइकललाई ईलाका प्रहरी कार्यालय देवानगञ्जबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरुलाई उक्त नक्कली नोटसहित फेला पारी पक्राउ गरेको जनाएको छ।

## विश्व समाचार

# तालिबानद्धारा अफगानिस्तानका घरघरमा खानतलासी : राष्ट्रसंघ

काबुल, ४ भदौ (रासस/एएफपी)।

अफगानिस्तानमा तालिबानहरुले घर-घर जाँदै विपक्षीहरु र उनीहरुको परिवारको खानतलासी गरिरहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

राष्ट्रसङ्घले तयार पारेको एउटा दस्तावेजमा अफगानिस्तानमा तालिबानहरुले बदलाको भावना अनुसारको व्यवहार गर्ने डर रहेको उल्लेख गरिएको छ। "अफगानिस्तानका नयाँ शासकहरु सहिष्णुताको प्रतिज्ञाबाट पछि हट्दै गरेका देखिएको छ," दस्तावेजमा लेखिएको छ।

सरकारी सेनालाई पराजित गरी दुई दशकको युद्ध अन्त्य हुनेगरी यही अगस्त १५ का दिन अफगानिस्तानको केन्द्रीय राजधानी काबुल तालिवानले कब्जा गरेपछि उनीहरुले शासन सुरु गरेका छन्।

कट्टरपन्थी इस्लामी आन्दोलनका नेताहरुले सरकारको पूर्वअधिकारीहरु र यसअघि तालिबानको विपक्षीका लागेका सबैलाई आममाफी दिने घोषणा गरेपनि व्यवहार भने त्यस्तो नभएको दस्तावेजमा उल्लेख गरिएको छ।

उनीहरुले महिलाहरुको स्वतन्त्रता नखोसिने, उनीहरुप्रति उदार भावना राख्ने, अघिल्लो शासनकालको भन्दा प्रजातन्त्रीक व्यवस्था लागू गर्ने अपेक्षा पनि धेरैले गरेका थिए। काबुललाई नियन्त्रणमा लिएपछिको पहिलो पत्रकार सम्मेलनमा तालिबानका प्रवक्ताले इस्लामिक कानुनअन्तर्गत नै महिलाको अधिकारलाई सम्मान गर्ने बताएका थिए।

तालिवान समूहको खानतलासी र उनीहरुले देखाउन थालेको व्यवहारका कारण अझै पनि हजारौं मानिसहरु उडानहरुमार्फत राजधानीबाट भाग्ने कोसिस गरिरहेको राष्ट्रसङ्घले तयार पारेको प्रतिवेदनमा लेखिएको छ।

राष्ट्रसङ्घका लागि गोप्य सूचना सङ्कलन गर्ने आरएचआईपीटीओ (रिप्टो) नर्वेजियन सेन्टर फर ग्लोबल एनालाइसिसको एउटा अति गोप्य सो दस्तावेजमा विपक्षीहरुलाई तालिवान समूहका व्यक्तिहरुले धम्क्याउने गरेको दाबी पनि गरिएको छ।

तालिबानको नकारात्मक सूचीमा रहेकाहरूलाई एकदमै धेरै सुरक्षा खतरा रहेको र अफगानिस्तानमा आत्महत्याका घटना बढ्न सक्ने चिन्ता पनि प्रतिवेदनमा उल्लेख गरिएको छ।

राजधानी काबुलसहित देशभरि नै अहिले धेरै मानिस त्रसित अवस्थामा रहेको पाइएको छ। काबुलस्थित विमानस्थल बाहिरको अवस्था झनै अस्तव्यस्त रहेको छ। तर तालिबान समूहले भने भाग्न खोज्ने अफगानी नागरिकहरुलाई रोकिरहेको छ।

तत्कालीन सरकारलाई सघाउन अमेरिकाले खटाएको सेना फिर्ता भएपछि तत्कालीन तालिबान विद्रोही समूहले विभिन्न प्रदेशहरुको राजधानी कब्जा गर्न थालेको एक हप्तामा केन्द्रीय राजधानी कब्जा गरेको हो।

उनीहरुले राजधानी कब्जा गर्ने सुनिश्चित भएपछि राष्ट्रपति अशरफ घानीले नै देश छोडेर भागेपछि अफगानिस्तानको शासन अहिले तालिवान समूहको हातमा आएको छ।

राष्ट्रपति भागेसँगै उनीहरू २० वर्षपछि पुनः अफगान सत्तामा पुगेका छन्। बीस वर्षअघि अमेरिकी नेतृत्वको फौजले उनीहरुलाई सत्ताबाट हटाइदिएको थियो।

# भारतमा सक्रिय सङ्क्रमितको सङ्ख्या एक सय ५० दिनपछिकै सबैभन्दा कम

नयाँ दिल्ली, ४ भदौ (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट थप ३६ हजारभन्दा बढी नयाँ सङ्क्रमित थपिएका छन्।

सरकारी अधिकारीहरुले शुक्रबार दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा ३६ हजार पाँच सय ७१ जना नयाँ सङ्क्रमित थपिएका हुन्।

भारतमा अहिले सक्रिय अवस्थामा रहेका सङ्क्रमितहरुको सङ्ख्या तीन लाख ६३ हजार ६ सय पाँच पुगेको पनि अधिकारीहरुले जनाएका छन्।

सक्रिय अवस्थामै रहेका सङ्क्रमितहरुको यो सङ्ख्या गत एक सय ५० दिनपछिकै सबैभन्दा कम भएको पनि उनीहरुले बताएका छन्।

केन्द्रीय स्वास्थ्य मन्त्रालयका अनुसार कूल सङ्क्रमितमध्ये अहिले सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या १.१२ प्रतिशत रहेको छ।

भारतमा अहिले सङ्क्रमणमुक्त भएकाहरुको कूल सङ्ख्या तीन करोड १५ लाख ६१ हजार ६ सय ३५ पुगेको अधिकारीहरुले जनाएका छन्। तीमध्ये ३६ हजार पाँच सय ५५ जना पछिल्लो २४ घण्टामा सङ्क्रमणमुक्त भएका छन्।

कोरोनाभाइरसबाट सङ्क्रमित भएकामध्ये भारतमा मात्रै अहिलेसम्म चार लाख ३३ हजार पाँच सय ८९ जनाको मृत्यु भएको छ। पछिल्लो एक दिनमा पाँच सय ४० जनाको मृत्यु भएको हो।

अहिले भारतमा सङ्क्रमणमुक्त हुने दर पनि उच्च रहेको छ। अधिकारीहरुका अनुसार अहिले ९७.५४ प्रतिशत मानिस सङ्क्रमणमुक्त भएका छन्। यो सङ्ख्या २०२० को मार्चपछिकै सबैभन्दा धेरै हो।

# गाउँपालिकाद्वारा बाढीपीडितलाई राहत बितरण



**दैनिक समाचारदाता**
**राजविराज, ४ भदौं ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका बाढी पीडित व्यक्तिहरुलाई राहत वितरण गरिएको छ । बाढी पीडित बासिन्दाहरुलाई गाउँपालिकाबाट राहत वितरण गरिएको हो ।

अबिरल बर्षाको कारण मंगलबार जिता नदीमा आएको बाढीले पश्चिमी तटबन्ध भत्काउँदा गाउँपालिका वडा नं. ५ स्थित को. बर्साइनका राम टोल, खंग टोल र सरदार टोलमा बाढी पस्दा १ सय ३३ घर डुबानमा परेको थियो ।

बाढी पीडितप्रति परिवार २५ किलो चामल, ५ किलो भुजा ( मुरही), एक किलो सोयाबिन, एक किलो नुन, चार वटा साबुन र एक्वा ट्याबवितरण गरिएको गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत राजेशकुमार झाले जानकारी दिएका छन् । एक्वाट्याब सेभ द चिल्ड्रेनको सहयोगमा सेभ द सप्तरीले उपलब्ध गराएको थियो ।

राहत वितरण कार्यक्रममा वडा नं. ५ का वडा अध्यक्ष राजेन्द्र साह, विपद् ब्यवस्थापन अधिकृत राजेश कुमार झा, स्वास्थ्य शाखा संयोजक शैलेश कुमार मिश्र, कृषि विकास अधिकृत उदयकान्त झा, सेभ द सप्तरीका विष्णुकान्त देव, दुर्गानन्द शर्मासहितको सहभागिता रहेको थियो ।

बाढी प्रभावितहरुको नामावली संकलनका लागि गाउँपालिकाबाट कृषि विकास अधिकृत उदयकान्त झाको नेतृत्वमा सुरक्षाकर्मीसहितको टोलीलाई परिचालन गरिएको थियो ।

यता बाढीले भत्काएको बाँध एक दुई दिनभित्रै निर्माण गरिने बताउँदै गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहले बाँध निर्माणको लागि आवश्यक बोरा र जाली प्रहरी चौकीको. बर्साइनमा राखिएको जानकारी दिए ।

# जसपा लोकतान्त्रिक नाम परिवर्तन गरेर लोकतान्त्रिक समाजवादी पार्टी दर्ता

**दैनिक समाचारदाता**
**राजविराज, ४ भदौं ।**

निर्वाचन आयोगमा महन्थ ठाकुर पक्षले जनता समाजवादी पार्टी (लोकतान्त्रिक) प्रस्ताव गरेकोमा शुक्रवार नाम परिवर्तन गरेर लोकतान्त्रिक समाजवादी पार्टी नेपाल नाम दर्ता गराएको छ ।

ठाकुर अध्यक्ष रहेको उक्त पार्टीमा एक जना वरिष्ठ नेतामा शरतसिंह भण्डारीलाई समेत थप गरिएको छ । यसअघि वरिष्ठ नेतामा राजेन्द्र महतो मात्रै थिए । महतो र भण्डारी अब दुवै जना पार्टीमा वरिष्ठ नेता हुनेछन् ।

त्यसबाहेक २४ सदस्यीय कार्यकारिणी समितिमा सात जना महिलालाई थपेर ३१ सदस्यीय बनाइएको पार्टीका नेता केशव झाले जानकारी दिएका छन् ।

झाका अनुसार सुरीता साह, निलम बर्मा, पुष्पा ठाकुर, कमला कुमारी गुरुङ, निलम कुमारी यादव, प्रेमा चौधरी, रुक्मिणी कुमारी मण्डललाई कार्यकारिणी समितिमा थपिएको हो । उक्त पार्टीको चुनाव चिन्ह साइकल छाप भने यथावत् राखिएको छ ।

# वागमतीका प्रदेश प्रमुखमा शर्मा

काठमाडौँ, ४ भदौ (रासस) ।

राष्ट्रपति विद्यादेवी भण्डारीले वाग्मती प्रदेशका प्रदेश प्रमुखमा सङ्खुवासभाका यादवचन्द्र शर्मालाई नियुक्त गर्नुभएको छ ।

राष्ट्रपति भण्डारीले मन्त्रिपरिषद्को बिहीबारको बैठकको निर्णय एवं प्रधानमन्त्रीका सिफारिसमा नेपालको संविधानको धारा १६३ को उपधारा (२) बमोजिम शर्मालाई शुक्रबार प्रदेश प्रमुखमा नियुक्त गर्नुभएको हो ।

यसअघि राष्ट्रपतिले सरकारकै सिफारिसमा संविधानको धारा १६५ को उपधारा (१) को खण्ड ( ख) बमोजिम वाग्मती प्रदेशका प्रदेश प्रमुख विष्णुप्रसाद प्रसाइँलाई शुक्रबारै पदमुक्त गर्नुभएको राष्ट्रपतिको कार्यालयका प्रवक्ता जगन्नाथ पन्तद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

महत्वपूर्ण सवाल :

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर ११११ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु

कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



भिडभाड हुने स्थान
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

भौतिक दूरी कम हुने स्थान
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

भेन्टिलेशन नभएको
वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु

- भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दूरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
- सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं
- पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं
- हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
- भौतिक दूरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं

साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं

स्रोत : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु → iPay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*